श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।१।२८ को निर्णयानुसार यस मन्त्रालयअन्तर्गत अध्यागमन विभागको स्थापना गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय भोजपुरका प्र.जि.अ. श्री रामप्रसाद खतिवडा घरबिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रामप्रसाद घिमिरेलाई मिति २०४५।१०।१८ देखि का. मु. मुकरर गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय काभ्रेपलाञ्चोकका प्र.जि.अ. श्री वागेश्वरीदत्त चटौत घरबिदा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री लक्ष्मीराज शर्मालाई मिति २०४६।२।५ देखि का.मु. मुकरर गरेको छ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उपसचिव)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
58
मुद्रण विभाग, सिंहदरबार